# प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
## स्तर निर्धारण तथा सम्बन्धन महाशाखा, सानोठिमी, भक्तपुरको
## आवेदन/प्रस्ताव अद्यावधिक गर्ने म्याद थप बारेको सूचना ।
प्रकाशित मिति २०७६/९/०४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट मिति २०६९/२/२९ गते प्रकाशित सूचना बमोजिम डिप्लोमा/प्रमाण-पत्र तहका कार्यक्रमहरु सञ्चालनका लागि प्रस्तावना पेश गरी मिति २०७१/४/२ गते प्रकाशित सूचना अनुसार स्थलगत निरिक्षण शुल्क दाखिला गरेका संस्थाहरुमध्ये स्वास्थ्य बाहेकका कार्यक्रमहरुको आवेदन/प्रस्ताव अद्यावधिक गर्न मिति २०७६।०७।२२ गते सूचना जारी भएकोमा मिति २०७६।०८।२६ गतेको परिषद्को बैठकबाट अध्यावधिक गर्न समय थप गर्ने निर्णय भएको हुँदा यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र संस्था दर्ता गरेको निकायबाट संस्था नविकरण प्रमाणपत्र र आ.ब.२०७५/०७६ को कर चुक्ता प्रमाण-पत्र संलग्न गरी कार्यक्रम अद्यावधिकका लागि निवेदन पेश गर्नुहुन अनुरोध छ । स्थलगत निरीक्षण भएका संस्थाहरु बाहेक कार्यक्रम अद्यावधिक गर्न नचाहने संस्थाहरुले स्थलगत निरीक्षण शुल्क तिरेको रकम फिर्ता लिन चाहेमा सक्कल रसिद सहित निवेदन पेश गर्नुपर्ने व्यहोरा जानकारी गराइन्छ । कार्यक्रम अद्यावधिक गर्दा तपसिल बमोजिम गर्न सकिने व्यहोरा अनुरोध छ ।

- प्रस्तावना पेश गरेका दुई वा दुईभन्दा बढी संस्थाहरु एकआपसमा समायोजन हुन चाहेमा तोकिएको मितिभित्र निवेदन दिनुपर्नेछ ।
- आवेदन/प्रस्ताव अद्यावधिक नगराउँने र तोकिएको समयमा स्थलगत निरीक्षण फिर्ता नलिने संस्थाहरुको आवेदन/प्रस्तावना स्वतः रद्ध हुनेछ ।
- पहिला स्थलगत निरीक्षण भएका संस्थाहरुले समेत अद्यावधिक गराउँनुपर्नेछ र स्थलगत निरीक्षण भइसकेका संस्थाहरुको स्थलगत निरीक्षण शुल्क फिर्ता हुनेछैन ।
- आवेदन/प्रस्ताव अद्यावधिक गराउँदा पेश गरेका संस्थाहरुको नाम परिवर्तन भएका खण्डमा र संचालक समिति परिवर्तन भएको खण्डमा सोको प्रमाण सहित जानकारी गराउँनुपर्ने छ ।
- प्रस्ताव पेश गरेका निजी संस्थाहरुले गैह्र नाफामूलक प्रतिष्ठान, सार्वजनिक गुठी, सहकारी जस्ता सेवामूलक संस्थाहरुको रुपमा नामसारी हुन चाहेमा निजी संस्था सम्बन्धन स्वीकृति ढाँचामा रहने गरी सोहि मितिभित्र निवेदन दिनु पर्नेछ ।

माथि उल्लेखित व्यहोराको प्रमाण सहित प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्को कार्यालय, सानो ठिमी, भक्तपुरमा मिति २०७६ पौष १८ गते कार्यालयको समयभित्र पेश गरिसक्नुपर्नेछ ।

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,**
**सानोठिमी, भक्तपुर । फो.नं. ०१-६६३०४०८**